# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## भेरीगंगा नगरपालिका
## सुर्खेत





महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## भेरीगंगा नगरपालिका

## सुर्खेत




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## भेरीगंगा नगरपालिका

## सुर्खेत

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन

तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको,  उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनलय** कर्णाली प्रदेश

पत्र संख्याः २०७९।८०

च.नं. ९७ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुख ज्यू,

भेरीगंगा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, सुर्खेत।

## कैफियत सहितको राय

हामीले भेरीगंगा नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू. ९ करोड २३ लाख ५५ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ४७ लाख ६२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३ करोड ५३ लाख २१ हजार, नियमित गर्नुपर्ने रु ४ करोड ९४ लाख १२ हजार र पेश्की रू. २८ लाख ५८ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु २४ करोड ९७ लाख ६७ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु ३४ करोड २१ लाख २२ हजार रहेको छ । नगरपालिकाको बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।

३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( )

नायब महालेखापरीक्षक

भेरीगंगा नगरपालिका, सुर्खेत

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| **प्रारम्भिक बेरुजु** | | | **प्रतिक्रियाबाट फछ्र्यौट** | | | **बाँकी बेरुजु** | | | **बेरुजु** | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५६ | १२७ | ९२३५५ | ० | ० | ० | ५६ | १२७ | ९२३५५ | ४७६२ | ४९४१२ | ३५३२१ | ० | ० | ८४७३४ | २८५८ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| भेरीगंगा नगरपालिका सुर्खेत | २४९७६७ | ० | ० | २४९७६७ | ० | ९२३५५ | ३४२१२२ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : भेरिगंगा नगरपालिका, सुर्खेत , भेरीगंगा नगरपालिका , सुर्खेत

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | कृष्ण प्रसाद पोख्रेल | २०७८-१२-६ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | जगत बहादुर बस्नेत | २०७७-४-१ | २०७८-१०-२३ |
| लेखा प्रमुख | मान बहादुर ठाडा | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ९२,३५५,२०२.७२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ११,४३,९७,५८६ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४८,९६,१४,९४० | **चालु खर्च** | ४३,०५,४८,३५६.७७ |
| **प्रदेश सरकारबाट अनुदान** | २,७२,५२,४७९ | **पूँजीगत खर्च** | २०,२४,०१,३११.५६ |
| **राजश्व बाँडफाँट** | १४,६३,८६,८६१.९२ | **वित्तीय/अन्य व्यवस्था** | २५,४१,५८,०४५.३६ |
| **आन्तरिक आय** | २,५३,९४,२२८.२६ | | |
| **अन्य आय** | २१,८०,२७,५८६.७५ | | |
| **कुल आय** | ९०,६६,७६,०९५.९३ | **कुल खर्च** | ८८,७१,०७,७१३.६९ |
| **बाँकी मौज्दात** | | १३,३९,६५,९६८.२४ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस भेरीगंगा नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु भेरीगंगा नगरपालिकाको उद्देश्य रहेको छ । यस भेरीगंगा नगरपालिका अन्तर्गत १३ वडा, ६९ सभा सदस्य, २५६वर्ग किलोमिटर क्षेत्रफल तथा ४१ हजार ४ सय ७ जनसंख्या रहेको छ ।<br>लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिति २०७९।०८।०२ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् : | |
| २ | | | **स्थानीय संचित कोष**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७८।७९ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ। | |

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | ११४३९७५८६ | १ | **चालु खर्च** | ४३०५४८३५६।७७ | ४३०५४८३५६।७७ |
| | क) नगद | | | २ | **पूँजीगतखर्च** | २०२४०१३११।५६ | २०२४०१३११।५६ |
| | ख)बैंक | ११४३९७५८६ | | ३ | **वित्तियव्यवस्था भुक्तानी** | | |
| २ | **राजस्व (आन्तरिक आय)** | | १७२२६२२६०।९६ | | क) ऋणभुक्तानी | | |
| | क) आन्तरिकराजस्व | २५३९४२२८।२६ | | ४ | ख) व्याजभुक्तानी | | |
| | ख) राजस्वबाँडफाँड | १४६३८६८६१।९२ | | ५ | **धरौटीफिर्ता** | २१८३०११।०० | २१८३०११।०० |
| | ग) वनरोयल्टी | ४८११७०।७८ | | ६ | **सडकबोर्डबाट प्राप्त रकम खर्च** | २६९९२२६।०० | २६९९२२६।०० |
| ३ | **वित्तियहस्तान्तरण संघ** | | ४८९६१४९४० | ७ | **सामाजिकसुरक्षा तथा संरक्षण** | १५१६६३५९६ | १५१६६३५९६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | क) वित्तियसमानीकरण अनुदान | १३७१००००० | | ८ | **अतरस्थानीय तहबाट प्राप्त** | | ४९०१४७६२।९० | |
| | | | | ख) सशर्तअनुदान | ३४१६१४९४० | | | क) गरिवसँगविश्वेश्वर कार्यक्रम | ४६३९५०।०० | | |
| | | | | ग) समपूरकअनुदान | ६७००००० | | | ख)कोभिड-१९ महामारी नियन्त्रण कार्यक्रम | ११३९००४।०० | | |
| | | | | घ) विशेषअनुदान | ४२००००० | | | ग) आन्तरिकमामिला तथा कानुन मन्त्रालय | ७६५००००।०० | | |
| | | | ४ | **प्रदेश**सरकारबाट **प्राप्त अनुदान** | | २७२५२४७९ | | ग) मुख्यमन्त्री रोजगार उद्यमशीलता तथा आयआर्जन कार्यक्रम | ३२०७०१०७।९० | | |
| | | | | क) वित्तियसमानीकरण अनुदान | १५०८७००० | | | घ) सामाजिकविकास मन्त्रालय | ७६९१७०१।०० | | |
| | | | | ख) सशर्तअनुदान | १२१६५४७९ | | ९ | **अन्य** | | ९५७२९१४।०० | |
| | | | | ग) समपुरकअनुदान | ०।०० | | | ङ) मानसिकस्वास्थ्य तथा परामर्श केन्द्र नेपाल | १०७१६००।०० | | |
| | | | | घ) विशेषअनुदान | ०।०० | | | च) कृषिक्षेत्र विकास कार्यक्रम | ५६७३६७।०० | | |
| | | | ५ | **सामाजिकसुरक्षा तथा संरक्षण** | १५१६६३५९६ | १५१६६३५९६ | | छ) सडकबोर्डबाट प्राप्त | २२३०७२६।०० | | |
| | | | ६ | **अतरस्थानीय तहबाट प्राप्त** | | ४९०१४७६२।९० | | ज) आइटीअफिसरको तलब | १८९०००।०० | | |
| | | | | क) गरिवसँगविश्वेश्वर कार्यक्रम | ४६३९५० | | | झ) जि आईजेट | २०००००।०० | | |
| | | | | ख)कोभिड-१९ महामारी नियन्त्रण कार्यक्रम | ११३९००४ | | | घ) औधोगिकग्राम विकास पुर्वाधार | ५३१४२२१।०० | | |
| | | | | ग) आन्तरिकमामिला तथा कानुन मन्त्रालय | ७६५०००० | | १० | **कर्मचारीकल्याण कोष** | ५६८७००।०० | ५६८७००।०० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ग) मुख्यमन्त्री रोजगार उद्यमशीलता तथा आयआर्जन कार्यक्रम | ३२०७०१०७।९० | | ११ | जिल्लासमन्वय | ४००००।०० | ४००००।०० | |
| | | | | घ) सामाजिकविकास मन्त्रालय | ७६९१७०१ | | १२ | जनश्रमदानफिर्ता | | | |
| | | | ७ | अन्य | | ९५७२९१४ | १३ | कोष फिर्ता | | | |
| | | | | ङ) मानसिकस्वास्थ्य तथा परामर्श केन्द्र नेपाल | १०७१६०० | | १४ | शसर्तअनुदान फिर्ता संघ | ७४०५६९३४।१३ | ७४०५६९३४।१३ | |
| | | | | च) कृषिक्षेत्र विकास कार्यक्रम | ५६७३६७ | | १५ | शसर्तअनुदान फिर्ता प्रदेश | ३२६१०९।०० | ३२६१०९।०० | |
| | | | | छ) सडकबोर्डबाट प्राप्त | २२३०७२६ | | १६ | गत बर्षकोबढी अल्या | ३२४३५११७।६७ | (३२४३५११७।६७ | |
| | | | | ज) आइटीअफिसरको तलब | १८९००० | | १७ | विभिन्न करकट्टि रकम दाखिला गर्न बाँकी | ३८९२०९०।०० | (३८९२०९०।०० | |
| | | | | झ) जि आईजेट | २००००० | | १८ | बैंकमौज्दात | | १३३९६५९६८।२४ | |
| | | | | घ) औधोगिकग्राम विकास पुर्वाधार | ५३१४२२१ | | | क) धरौटीखाता | ४३९७०८।०० | | |
| | | | ८ | कर्मचारीकल्याण कोष आय | ५६८७०० | ५६८७०० | | ख) प्रकोपव्यवस्थापन कोष खाता | ४९७६७५।५० | | |
| | | | ९ | प्रकोपव्यवस्थापन कोष | ४९७६७५।५० | ४९७६७५।५० | | ग) विविधखर्च खाता | ३६२९६९१।०० | | |
| | | | १० | धरौटी आय | | ४८०१३५२।०६ | | घ) सञ्चितकोष खाता | १२९३९८८९३।७४ | | |
| | | | | गत आ.व.को | ३६८६७६२।०६ | | | | | | |
| | | | | यस आ.व.को | १११४५९० | | | | | | |
| | | | ११ | अन्य विविधआय | १४२७४१५।५१ | १४२७४१५।५१ | | | | | |
| | | | | जम्मा | १०२१०७३६८१। | १०२१०७३६८१। | | जम्मा | १०२१०७३६८१। | १०२१०७३६८१। | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ९३ | ९३ | | | ९३ | ९३ | |
| ३ | | | **वित्तीय विवरण**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको श्रावण १ गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br><br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br><br>• पालिकाले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट पालिकाको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु.८८१२७६२.७२ ले फरक देखिएको छ ।<br><br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | | | | | | | | |
| ४ | | | **जिम्मेवारी फरक परेको**<br>– स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.१०३९२८१६५.९७ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.११४३९७५८६.०० जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१०४६९४२०।०३ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिन्छ । | | | | | | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५</td><td></td><td></td><td>
बैक हिसाब मिलान नगरेको<br>
स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा पालिकाले सञ्चालन गरेको देहाय बमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गर्नुपर्दछ ।श्रेस्ता भन्दा बैंकमा घटी देखिएको रकम सम्वन्धमा एकिन गरि प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>खाताको नाम</th><th>श्रेस्ता अनुसार बाँकी</th><th>बैंक स्टेटमेण्ट अनुसार बाँकी</th><th>फरक</th></tr>
<tr><td>१</td><td>ग ४.१ स्थानीय तह सञ्चित कोष खाता</td><td>३६२९६९१</td><td>३६२९६९१</td><td>०</td></tr>
<tr><td>२</td><td>ग ३.१ स्थानीय तह धरौटी खाता</td><td>४३९७०८</td><td>४३९७०८</td><td>०</td></tr>
<tr><td>३</td><td>ग ४.१ स्थानीय तह सञ्चित कोष खाता</td><td>१३८२११६५६.४६</td><td>१२९३९८८९३.७४</td><td>८८१२७६२.७२</td></tr>
<tr><td>४</td><td>ग ७.२ स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता</td><td>४९७६७५.५०</td><td>४९७६७५.५०</td><td>०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१४२७७८७३०.९६</td><td>१३३९६५९६८.२४</td><td>८८१२७६२.७२</td></tr>
</table>
</td><td>८,८१२,७६२.७२</td></tr>
<tr><td>६</td><td></td><td></td><td>
आन्तरिक नियन्त्रण प्रणालीः<br>
स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br><br>
• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।<br><br>
• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br><br>
• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br><br>
• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br><br>• स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन ।<br><br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणरमुखि रहेको पाईयो।<br><br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई जिन्सी सामाग्री वितरण गरेको पाईयो ।<br><br>• वडा कार्यालयमा रहेका जिन्सी सामानको अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br><br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br><br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ (क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।<br><br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br><br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br><br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br><br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br><br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br><br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br><br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको,<br><br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ५५ जनाको दरबन्दी रहेकोमा ८ दरबन्दी रिक्त रहेको पाईयो ।<br><br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br><br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br><br>• निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकामा समायोजन भै आएका तथा नयाँ नियुक्त भएका स्थायी कर्मचारीको तलवी प्रतिवेदन पारित गर्ने सम्बन्धी छुट्टै कानुन नवनेको अवस्थामा पालिकाले कर्मचारीहरुको तलवी प्रतिवेदन पारित नगरी रु.१९,४९,१४१३।९९ तलब खर्च लेखेको पाईयो । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । तसर्थ तलवी प्रतिवेदन पारित गरेर मात्र तलव भत्ता खर्च लेख्न सम्बन्धित पक्षले ध्यान दिनुपर्छ ।<br><br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७ | | | **बजेट पेश, पारित र अख्तियारी**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुख श्री रेणु आचार्य (ढकाल) ले मिति २०७८।०३।१० गते रु.७६ करोड ७४ लाख ६५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।०३।२९ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ८ | | | **बजेट तथा कार्यक्रम तर्जुमा**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| ९ | | | **बजेट सीमा निर्धारण समिति :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१०</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्चको स्थितिः<br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th rowspan="2">क्र.स</th><th rowspan="2">क्षेत्र</th><th rowspan="2">बजेट</th><th rowspan="2">खर्च</th><th>खर्च प्रतिशत</th></tr>
<tr><th>जम्मा खर्चको तुलनामा</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>४०४२६०</td><td>३१९४१</td><td>५.०४</td></tr>
<tr><td>२</td><td>पूर्वाधार विकास</td><td>१९१७२२</td><td>१३६७२९</td><td>२१.६०</td></tr>
<tr><td>३</td><td>सामाजिक विकास</td><td>४१२२१८</td><td>३१५५८४</td><td>४९.८५</td></tr>
<tr><td>४</td><td>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</td><td>७४१८</td><td>६३९१</td><td>१.००</td></tr>
<tr><td>५</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>१५८४६२</td><td>१४२३०१</td><td>२२.४८</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>११७४०८०</td><td>६३२९४६</td><td>१००</td></tr>
</table>
उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४९.८५ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटीमा १.०० प्रतिशत रहेको छ ।</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>अबण्डा बजेट<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु.९० लाख अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको मिति २०७८।११।१० को निर्णयबाट पुँजीगततर्फ निमार्ण खर्च शीर्षकमा रु.२३ लाख २० हजार बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१२</td><td></td><td></td><td>गत बर्षको दायित्व<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गते भित्र भुक्तानी बाँकीको बिबरण प्रमाणित गरी राख्नुपर्ने व्यबस्था छ । पालिकाले २०७७।७८ मा बिभिन्न संस्था, उपभोक्ता समिति, फर्महरुलाई रु.३ करोड ९५ लाख ५८ हजार भुक्तानी दिन बाँकी रहेको बिबरण राखी कार्यालय प्रमुखबाट प्रमाणित गराएको आधारमा यो बर्ष (२०७८।७९) को बजेटमा गत बर्षको भुक्तानीको लागि बजेट व्यबस्था नगरेको अबस्थामा समेत उक्त रकम भुक्तानी गरेको पाइयो । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नगर्न व्यबस्था मिलाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>त्रैमासिक पूँजीगत खर्चः<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र नियम ३६ मा त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिकखर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । (रु हजारमा)
<table>
<tr><th rowspan="2">क्र.स.स</th><th rowspan="2">बजेट उपशिर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="4">चौमासिक खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेश्रो चौमासिक</th><th>आषाढ महिना</th></tr>
<tr><td>१</td><td>पूँजिगत खर्चतर्फ</td><td>२०२४०१</td><td>१७८८४</td><td>३२६६०</td><td>१५१८५७</td><td>६८०४९</td></tr>
<tr><td colspan="2">प्रतिशत</td><td>१००</td><td>८.८३</td><td>१६.१३</td><td>७५.०२</td><td>३३.६२</td></tr>
</table>
पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.२० करोड २४ लाख १ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.१ करोड ७८ लाख ८४ हजार अर्थात ८.८३ प्रतिशत, दोश्रो त्रैमासिकमा रु.३ करोड २६ लाख ६० हजार,अर्थात १६.१३ प्रतिशत तेश्रो त्रैमासिकमा रु.१५ करोड १८ लाख ५७ हजार, अर्थात ७५.०२ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.६ करोड ८० लाख ४९ हजार अर्थात ३३.६२ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४ | | | **आन्तरिक लेखापरीक्षण**<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर भेरीगंगा नगरपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| १५ | | | **आन्तरिक लेखापरीक्षण शाखा :**<br>प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाँच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| १६ | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वियनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| १७ | | | **बार्षिक खरिद योजना/गुरुयोजना**<br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने, नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.२० करोड २४ लाख १ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **जिन्सी खाता सम्बन्धमाः**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५ मा सम्पति तथा जिन्सी मालसामानको लगत तयार गनुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी कुनै पनि कार्यालयले म ले प फा न ४५ देखि ५७ सम्मका फारमहरुको आधारमा जिन्सी व्यवस्थापन गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले जिन्सी व्यवस्थापन गर्नका लागि आ व २०७८।७९ मा Inventory Information Management सफ्टवेयर खरिद गरी प्रयोग गरेको पाइयो । उक्त सफ्टवेयरमा पूराना आर्थिक वर्षका खर्च भएर नजाने जिन्सी सामानहरु अद्यावधिक गरेको पाइएन । त्यसै गरी यस आ व देखि सरकारी सम्पती व्यवस्थापन प्रणाली (PAMS) को प्रयोग हुदै आएको जानकारी स्टोर किपरबाट प्राप्त भएको छ । उक्त PAMS सफ्टवेयरमा पूराना आ व हरुमा खरिद गरेका जिन्सीहरु अद्यावधिक गरेको पाइएन ।जसले गर्दा पूराना जिन्सी मालसामान चोरी तथा हिनामिना हुने खतरा रहन्छ । यसरी सरकारी जिन्सी सामानको हिनामिना हुन नदिन विगत वर्षहरुमा खरिद भएका जिन्सी सामानहरु पनि पालिकाले उक्त सफ्टवेयरमा आम्दानी वाधि जिन्सी अद्यावधिक गर्नेतर्फ ध्यानाकर्षण हुनु पर्दछ ।समयमै जिन्सी अद्यावधिक नगरेको खण्डमा जिम्मेवार व्यक्तिबाट सरकारी बाँकी सरह असुल गर्नुपर्दछ । | |
| १९ | | | **सम्पत्ति हस्तान्तरण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । | |
| २० | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५५ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ४६ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर तथा सव ईन्जीनियर, स्वास्थ्य प्राविधिक सहित ९ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१ | | | **कर्मचारी करार**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा कराबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । कानून बमोजिम मात्र कर्मचारी पदपूर्ति गर्नुपर्दछ। तर पालिकाले विभिन्न इन्जीनियर तथा सव ईन्जीनियर, स्वास्थ्य प्राविधिक लगायत विभिन्न पदमा ५५ जना कर्मचारीहरु करारमा राखि रु.१ करोड ५१ लाख २९ हजार खर्च लेखेको छ ।<br><br>त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न इन्जीनियर तथा सव ईन्जीनियर, स्वास्थ्य प्राविधिक लगायत विभिन्न पदमा २९ जना करार नियुक्ति गरी बर्षभरीमा रु.१ करोड ७ लाख ३५ हजार भुक्तानी गरेको छ । पालिकाले O&M गरी कामको विश्लेषण, आन्तरिक आय, सघंबाट भएको पूर्ति, स्थानीय निकायमा समायोजन, हाल करारमा रहेकाको स्थिति र दरबन्दीको विवरण तयार गरी अत्यावश्यक कर्मचारी मात्र पूर्ति गर्ने व्यवस्था मिलाउनुपर्नेमा सो बमोजिम नगरी करारमा कर्मचारी राख्नु उचित देखिएन ।नियममा उल्लेख गरेको पद बाहेकका अन्य पदमा करारमा नियुक्ती गरी खर्च लेखेको हुँदा अनियमित देखिएको रु. | १०,७३५,००० |
| २२ | | | **कानून र सञ्चालन स्थिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १५ वटा ऐन, ५ वटा नियमावली, २६ कार्यविधि लगायत ५७ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । साथै पालिकाले ५७ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनु पर्दछ । | |
| २३ | | | **न्यायीक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फस्र्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ३५ र यो बर्ष थप भएको २५ गरी कुल ६० विवाद दर्ता भएकोमा ६ वटा मात्र फस्र्योट भई ५४ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्र्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२४</td><td></td><td></td><td>लक्ष्य प्रगति :<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ मा भएको व्यवस्था बमोजिम कार्यालयले त्रैमासिक र बार्षिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियमावली बमोजिमको ढाँचामा त्रैमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।
<table>
<tr><th>कार्यक्रम/योजना</th><th>कुल कार्यक्रम</th><th colspan="4">वार्षिक प्रगति स्थिती</th></tr>
<tr><th></th><th></th><th>शून्य प्रगती</th><th>२५%सम्म प्रगति</th><th>५०% सम्म प्रगति</th><th>७५% सम्म प्रगति</th></tr>
<tr><td>कार्यक्रम संख्या</td><td>८</td><td>०</td><td>१</td><td>०</td><td>७</td></tr>
<tr><td>सहायक कार्यक्रम संख्य</td><td>७३०</td><td>८१</td><td>०</td><td>०</td><td>६४९</td></tr>
</table></td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>वडा सचिवको पदपूर्ति<br>पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।
<table>
<tr><th>वडा संख्या</th><th>वड सचिवको दरबन्दी</th><th>वडा सचिवको पदपूर्ति</th><th>रिक्त वडा सचिव</th></tr>
<tr><td>१३</td><td>१३</td><td>१३</td><td>०</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २६ | | | **सेवाप्रवाहको स्थिति :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । यसवर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ८ |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | १९३३ |
| मृत्युदर्ता | ३११ |
| बसाईसराई दर्ता | ३२७ |
| विवाह दर्ता | ७१४ |
| सम्बन्धविच्छेद दर्ता | ३१ |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | २०० मी |
| कालोपत्रे सडक मर्मत | ० |
| ग्राभेल सडक निर्माण | २७ कि मी |
| ग्राभेल सडक मर्मत | ० |
| नयाँ सडक ट्र्याक खोल्ने | ४० कि मी |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७ | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष ... जनालाई रु.३ हजार देखि रु.२५ हजार सम्म गरी रु.१२ लाख ५० हजार आर्थिक सहायता वितरण गरेको छ। आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| २८ | | | **खाना तथा विविध खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.९६ लाख ५३ हजार ४ सय ७८ खर्च गरेको छ ।यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ। | |
| २९ | | | **पेश्की बाँकी:**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम पेश्की फर्स्यौट हुनुपर्दछ । यस वर्ष देहाय अनुसार म्याद ननाघेको मोविलाईजेशन पेश्की रु.१७,३८८,२००।०० र म्याद नाघेको अन्य पेश्की रु.२८५८२०६।००रहेको छ । म्याद नाघेको अन्य पेश्की फर्स्यौट हुनु पर्ने रु. | २,८५८,२०६ |

| क्र स | पेश्की लिने व्यक्ति तथा अन्य | रकम | कैफियत |
|---|---|---|---|
| १ | बिमल रावत | १,००,०००.०० | म्याद नाघेको |
| २ | उज्जवल रावत | ३०,०००.०० | म्याद नाघेको |
| ३ | उज्जवल रावत | ४,२०,०००.०० | म्याद नाघेको |
| ४ | लाल बहादुर बुढा | १,४४,०००.०० | म्याद नाघेको |
| ५ | बिमलरावत | २,६१,०००.०० | म्याद नाघेको |
| ६ | बिमलरावत | **२४१०००** | म्याद नाघेको |
| ७ | सेतीमहाकाली गोबर ग्यास तथा कृषि यन्त्र विकास प्रा.ली. | ६०,०००.०० | म्याद ननाघेको |
| ८ | सावित्रा शिव निर्माण सेवा | ४,२५,०००.०० | म्याद ननाघेको |
| ९ | न्यू विशाल कन्स्ट्रक्सन | २३,७८,०००.०० | म्याद ननाघेको |
| १० | नेपाल मेगा । लामा प्रगति । सुभाष जे.भी. | ३७,००,०००.०० | म्याद ननाघेको |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | ११ | न्यू पब्लीक कन्स्ट्रक्सन | २,१४,०००.०० | म्याद ननाघेको | |
| | | | १२ | छिन्चुस्वास्थ्य चौकी | ४,५५,०००.०० | म्याद ननाघेको | |
| | | | १३ | नेपाल राष्ट्रिय माध्यमिक विद्यालय भर्याङ्ग | ३,११,०००.०० | म्याद ननाघेको | |
| | | | १४ | नेपाल राष्ट्रिय माध्यमिक विद्यालय भर्याङ्ग | १४,८९,०००.०० | म्याद ननाघेको | |
| | | | १५ | मैनतडा स्वास्थ्य चौकी | ४,३९,६००.०० | म्याद ननाघेको | |
| | | | १६ | रामघाट स्वास्थ्य चौकी | ४,३२,६००.०० | म्याद ननाघेको | |
| | | | १७ | लेखपराजुल स्वास्थ्य चौकी | ४४,०००.०० | म्याद ननाघेको | |
| | | | १८ | लेखपराजुल स्वास्थ्य चौकी | ३३,३५०.०० | म्याद ननाघेको | |
| | | | १९ | श्री प्रभात माध्यमिक विद्यालय | १८,००,०००.०० | म्याद ननाघेको | |
| | | | २० | श्री शारदा माध्यामिक विद्यालय | १२,००,०००.०० | म्याद ननाघेको | |
| | | | २१ | श्री शारदा माध्यामिक विद्यालय | ६,००,०००.०० | म्याद ननाघेको | |
| | | | २२ | श्री सामुदायिक माध्यामिक विद्यालय | १८,००,०००.०० | म्याद ननाघेको | |
| | | | २३ | शिखर माध्यमिक विद्यालय रामघाट | ८,९२,०००.०० | म्याद ननाघेको | |
| | | | २४ | शिखर माध्यमिक विद्यालय रामघाट | ९,०८,०००.०० | म्याद ननाघेको | |
| | | | २५ | सौगात संचार प्रा.ली. | १,००,०००.०० | म्याद ननाघेको | |
| | | | २६ | लेखपराजुल स्वास्थ्य चौकी | ५६,६५०.०० | म्याद ननाघेको | |
| | | | २७ | शहरी स्वास्थ्य सेवा केन्द्र गेरुवानी | ५०,०००.०० | म्याद ननाघेको | |
| | | | २८ | भगवति शाही | १०,०००.०० | म्याद नाघेको | |
| | | | २९ | नवराज वि.क. | १०,०००.०० | म्याद नाघेको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | **३०** | भरत गौतम | ६०,०००.०० | म्याद नाघेको | | |
| | | | | **३१** | भरत गौतम | ३०,०००.०० | म्याद नाघेको | | |
| | | | | **३२** | कृष्ण बहादुर शाही | १,६०,०००.०० | म्याद नाघेको | | |
| | | | | **३३** | कृष्ण बहादुर शाही | १,६५,०००.०० | म्याद नाघेको | | |
| | | | | **३४** | मान बहादुर रावत | ३,९०,०००.०० | म्याद नाघेको | | |
| | | | | **३५** | कृष्टी थापा | १०,०००.०० | म्याद नाघेको | | |
| | | | | **३६** | मान बहादुर रावत | ७०,४८३.०० | म्याद नाघेको | | |
| | | | | **३७** | मान बहादुर रावत | ८७,२२३.०० | म्याद नाघेको | | |
| | | | | **३८** | विष्णुहरि भट्टराई | २,१०,०००.०० | म्याद नाघेको | | |
| | | | | **३९** | अनिल चपाई | ४,५९,५००.०० | म्याद नाघेको | | |
| | | | | **जम्मा** | | २०,२४६,४०६ | | | |
| ३० | | | **आयको अनुमानः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.२०८३३३००।०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु.१४३६४९९८।०० अर्थात अनुमान भन्दा ३१.०४ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यथार्थपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | | | | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३१</td><td></td><td></td><td>

**कर तथा शुल्क असुली -**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

<table>
<tr><th>आय शीर्षक</th><th>अनुमान</th><th>असुली</th><th>असुली प्रतिशत</th></tr>
<tr><td>एकीकृत सम्पत्ति कर</td><td>१८६००००</td><td>१०३६७१८</td><td>५५.७३</td></tr>
<tr><td>घर वहाल कर</td><td>१५०००००</td><td>७२९४६१</td><td>४८.६३</td></tr>
<tr><td>व्यवसाय रजिष्ट्रेशन दस्तुर</td><td>६०००००</td><td>१८४११५</td><td>३०.६८</td></tr>
<tr><td>वहाल विटौरी शुल्क</td><td>५४०००</td><td>६७००</td><td>१२.४०</td></tr>
<tr><td>अन्य</td><td>१६८१९३००</td><td>१२४०८००४</td><td>७३.७७</td></tr>
<tr><td>जम्मा</td><td>२०८३३३००</td><td>१४३६४९९८</td><td>६८.९५</td></tr>
</table>

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

</td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>

**राजश्व अभिलेख :**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ मा भएको व्यवस्था अनुसार कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा अघिल्लो आ.व.को बाँकी के कति रसिद छन सोको पुर्ण अभिलेख राखेको देखिएन । पालिकाबाट सवै वडाहरुमा स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ३३ | | | **राजश्व दाखिला :**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २८(२) अनुसार आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागिय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सो भन्दा ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागीय कारबाही समेत गर्ने गराउने उल्लेख छ। पालिका अन्तर्गत १३ वटा वडा बाट प्राप्त गरेको राजश्व रकम एक महिनाभित्र दाखिला हुने गरेको छ । कानूनले तोकिएको समयावधि भित्र राजस्व रकम दाखिला गराउने तर्फ पालिकाले ध्यान दिनु पर्दछ । पालिकाले नगदी रसिद नियन्त्रण खाता राखि व्यबस्थित रुपमा ठेलि तथा रसिद नम्बर खुलाएर रसिद ठेलि बुझाउने, बुझाएको ठेलीबाट प्राप्त आम्दानी सम्बन्धमा पोष्टिङ गरी जोडजम्मा तथा परीक्षण गर्न सकिने बनाउने, फिर्ता लिएको बाँकी रसिद नम्बर समेत खुलाएर अभिलेख राख्ने र प्राप्त राजश्व पालिकाले समेत परीक्षण गरी एकिन गर्नु पर्नेमा वडाबाट दाखिला भौचरको आधारमा मात्र आम्दानी गर्ने र राजश्व शाखाले रसिदहरु पोष्टिङ नगरी प्राप्त आम्दानी बैंक दाखिला गरेको पाईदा प्राप्त हुनुपर्ने राजश्व र प्राप्त राजश्व भिडान गर्न सकिएन । साथै लेखाशाखाले आम्दानी, गोश्वरा भौचर उठाउदा गोश्वरा भौचरसँग बैंक भौचर नहुने, शाखामा रहेको भौचरमा नगदी रसिद नम्बर उल्लेख नहुने, मालपोत रसिद र नगदि रसिद नछुट्टिने, वडागत तथा शीर्षकगत आम्दानी राजश्व शाखाले पनि तयार नगर्ने अवस्थाले राजश्वको अभिलेख व्यवस्था कमजोर रहनुका साथै परीक्षण गर्न सक्ने अवस्थामा रहेको पाईएन । नगद आम्दानी रकम दैनिक रुपमा तथा भोलिपल्ट समेत दाखिला नभइ दुरीको कारण मासिक रुपमा ढिलो दाखिला हुने गरेकोमा नियमानुसार समयमा दाखिला गर्न पालिकाले व्यवस्था मिलाउनु पर्दछ । | |
| ३४ | | | **व्यवसाय कर -**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.१८४११५।०० कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| ३५ | | | **ढुङ्गा गिट्टीको आय सम्बन्धमाः**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिका अन्तर्गत रहेका केही खोलाको ढुङ्गा गिट्टी निकासीका लागि मालिका निर्माण सेवा विरेन्द्रनगर नगरपालिका सुर्खेत सँग मिति २०७८।७।१६ मा रु ७००६००० (मुअकर समेत) सम्झौता भएको देखिन्छ । उक्त निर्माण सेवाले सम्झौता गर्दा कै वखत रु ३११०००० पालिकाको खातामा रकम दाखिला गरेकोमा बाकी रकम रु ३८९६००० को मिति २०७९।३।३१ सम्म म्याद भएको कार्यसम्पन्न जमानत राखेकोमा उक्त कार्य सम्पादन जमानतको म्याद समाप्त भएको अवस्था सम्म बाकी रकम नबुझाएकोले उक्त रकम नियमानुसार ब्याज समेत अशुल गर्नुपर्ने देखिएको छ । सम्झौता अनुसारको रकममा रहेको मूल्य अभिवृद्धि कर रकम रु ८०६००० सम्बन्धीत राजश्व खातामा दाखिला गर्नुपर्ने र उठाउन बाकी सम्झौता अनुसारको रकम रु.३८९६०००।०० असुल गर्नुपर्ने रु | ३,८९६,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३६ | | | **स्थानीय तहका पदाधिकारी सुविधा :** कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७७ को दफा ३ मा पदाधिकारी र सदस्यले आफु निर्वाचित भई काम कारबाही शुरु गरेको मिति देखि अनुसुची १ र २ मा उल्लेख भए बमोजिमको रकममा नबढ्ने गरी स्थानीयतहको आन्तरिक श्रोतको आधारमा सुविधा पाउने व्यवस्था छ । पालिकाले पदाधिकारीहरुलाई यस वर्ष रु.२ करोड १८ लाख ५७ हजार ९ सय ८२ रकम सुविधा वापत भुक्तानी गरेको छ । | |
| ३७ | | | **मोवाइलफोन खरिदः** आर्थिक कार्यविधि तथा वितीय उतरदायित्व ऐन २०७६ को दफा २४ को उपदफा २ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नु पर्ने उल्लेख छ । नपा शिक्षा चालुको ९६।२०७९।३।२० बाट पालिकाले ग्यालेक्सी मोवाइल हबबाट रु ८१००० रकमको Redmi Note 10S 6/64 GB खरिद गरेको छ । यसरी सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त नहुने गरी र मितव्ययीता कायम नगरी व्यक्तिगत लाभका आधारमा उक्त फोन खरिद गर्ने सम्बन्धितलाई जिम्मेवार वनाईनुपर्ने रु | ८१,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३८ | | | **बिल भरपाई नभएको -**<br>आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले निम्न गो भौ र मितिमा वजेट खर्च लेख्दा उक्त खर्चलाई पुष्टी गर्ने कागजात पेश नगरेकोले प्रमाण पेश गर्नुपर्ने रु | ७३६,६६३ |

| **गो भौ र मिति** | **विवरण** | **रकम** |
|---|---|---|
| सशर्त पूँजीगतको ३१।२०७९।३।२० | सुचना प्रकाशन वापत | १४३५९४ |
| ५५७ ।२०७९।३।५ | मसलन्द साम्रगी खरिद वापत विहानी पुस्तक पसल भुक्तानी | २४५३० |
| ५३६ ।२०७९।२।३१ | छिन्चु वसपार्क निर्माण | १४०१२० |
| ५३३।२०७९।२।३१ | सञ्चार खर्च | २०५०० |
| नपा पूँजीगत ४९।२०७८।११।२५ | आयुर्वेद शाखाको प्रोजेक्टर खरिद | ७०००० |
| ३७२।२०७९।१।१४ | वडा अध्यक्ष पदम खत्रीको भ्रमण भुक्तानी | २४८०० |
| ४०६।२०७९।१।२१ | सोलार खरिद नवज्योती प्रा वि | १००००० |
| ४१६।२०७९।१।२२ | दमारटोल समूह घर निर्माण | १९१३६९ |
| ४५४।२०७९।२।११ | विविध खर्च | २१७५० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३९</td><td></td><td></td><td>सवारीसाधन खरिद<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वियन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले ६ थान दुई पांङ्ग्रे सवारी साधन खरिदमा रु.१८ लाख, बजेटबाट खर्च गरेको छ ।<br>
<table>
<tr><th>सि.नं</th><th>सवारी साधन</th><th>संख्या</th><th>रकम</th></tr>
<tr><td>१</td><td>मोटरसाइकल</td><td>६</td><td>१८०००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>६</td><td>१८०००००</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४० | | | **नाफामूलक संस्थालाई अनुदान**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन ।यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यस स्थानीय तहले यो वर्ष देहायअनुसारका ८ वटा नाफामूलक संस्थाको कार्यालय व्यवस्थापन खर्च तथा अन्य खर्चका लागि रु.४७०६४४९।०० अनुदान उपलब्ध गराएको छ।तर त्यसबाट उपरोक्त बमोजिम सेबा प्रबाह हुने सुनिश्चित छैन । यसरी नियम विपरित दिएको अनुदान अनियमित देखिएको रु | ४,७०६,४४९ |

| सि.नं. | अनुदान पाउने संस्थाको नाम | प्रयोजन | अनुदान रकम |
|---|---|---|---|
| १ | छिन्चु महिला साना किसान कृषि सहकारी संस्था | कार्यालय व्यवस्थापन तथा सामाग्री खरिद | ३९९७०५ |
| २ | नेपाल पिडित समुदाय संरक्षण केन्द्र | कार्यालय व्यवस्थापन तथा कार्यक्रम सञ्चालनार्थ | ६००००० |
| ३ | उपहार महिला उद्यमी महिला सहकारी संस्था | कार्यालय व्यवस्थापन तथा कार्यक्रम सञ्चालनार्थ | २८८००० |
| ४ | सिडिसी नेपाल | कार्यालय व्यवस्थापन तथा कार्यक्रम सञ्चालनार्थ | ५०००० |
| ५ | सफल सहकारी संस्था भेरीगंगा ९ | कार्यालय व्यवस्थापन तथा कार्यक्रम सञ्चालनार्थ | ४७५०६९ |
| ६ | हाम्रो एकता कृषि तथा पशुपंक्षी सहकारी संस्था लि | कार्यालय व्यवस्थापन तथा कार्यक्रम सञ्चालनार्थ | १५४९६७५ |
| ७ | हिमाली कृषि सहकारी संस्था | सहकारी भवन मर्मत | १४४००० |
| ८ | सफल सहकारी संस्था भेरीगंगा ९ | कार्यक्रम सञ्चालनार्थ | १२००००० |
| **जम्मा** | | | **४७०६४४९** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४१ | | | **भ्रमण खर्च :**<br>कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् .<br><br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br><br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br><br>• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br><br>• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br><br>• स्पष्ट प्रयोजन बेगर पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br><br>तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२ | | | **बैठक भत्ता :** अर्थ मन्त्रालय कार्य संचालन निर्देशिका, २०७५ को परिच्छेद ७ को ७.१.१ मा उल्लेखित बैठक भत्ताको मापदण्ड अनुसार स्पष्ट विषयवस्तु एवम् कार्ययोजना बेगर बैठक बस्न नपाइने, बैठक कार्यालय समय अघि वा पछि हुनुपर्ने, एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने र कानुन अनुसार गठन भएका समितिहरुको बैठकका लागि मात्र भत्ता प्रदान गर्ने व्यव्था रहेको छ । उल्लेखित व्यवस्था बेगर पालिकाले देहायका पदाधिकारीहरुलाई बैठक भत्ता उपलब्ध गराएको सम्बन्धितबाट असुल गरि दाखिला गरिनुपर्ने रु | २६५,२०० |

| भौ नं मिति | विवरण | प्रयोजन | रकम |
|---|---|---|---|
| सशर्त पुंजीगतको ६०।२०७९।३।२४ | १२ जना | आर्थिक विकास समीति | २०४०० |
| ६०।२०७९।३।२४ | ९ जना | खरिद समीति तथा मूल्यांकन समीति | १६५७५ |
| सशर्त चालुको ४३।२०७८।१०।२ | ८ जना | सामाजिक सुरक्षा तथा व्याक्तिगत घटना दर्ता प्रणाली समन्वय समीति | ५१००० |
| नपा पूँजीगतको ७२२।२०७९।३।२३ | ८ जना | योजना मूल्यांकन समीति | ५९९२५ |
| ७२१।२०७९।३।२३ | २३ जना | राजस्व परामर्श समीति | ६५०२५ |
| ७०८।२०७९।३।२१ | ७ जना | खरिद मूल्यांकन समीति | ११४७५ |
| ७०८।२०७९।३।२१ | ९ जना | बजेट तथा कार्यक्रम तर्जुमा समीति | ४०८०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४३ | | | **अनुगमन भत्ताः**<br>आर्थिक कार्यविधि तथा वितीय उतरदायित्व ऐन २०७६ को दफा २४ को उपदफा २ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्न पर्ने उल्लेख छ भने कार्यालयकै कर्मचारीबाट निरिक्षण अनुगमन गर्दा अनुगमन भत्ता पाउने व्यवस्था नियमावलीमा छैन । पालिकाले निम्न कार्यक्रम वापत विभिन्न कर्मचारीहरु र पदाधिकारीहरुलाई अनुगमन भत्ता भुक्तानी गरेकोले अनियमित देखिएको रु | ५९०,७५७ |

| गो भौ । मिति | कार्यक्रमको नाम | अनुगमन गर्ने कर्मचारी तथा पदाधिकारी संख्या | रकम (करकट्टी सहित) |
|---|---|---|---|
| सशर्त पूँजीगतको ६०।२०७९।३।२४ | बाख्रा वितरण कार्यक्रम | १५ जना | ५१००० |
| ३६।२०७९।३।२२ | उपप्रमुख स्वरोजगार कार्यक्रम वापत उद्योगहरुको अनुगमन | २२ जना | २०१४५० |
| शसर्त चालुको ४३।२०७८।१०।२ | सामाजिक सुरक्षा तथा व्यात्तिगत घटना दर्ता प्रणाली समन्वय समीति | १० जना | ४२०७५ |
| ६७।२०७९।२।२० र १४६।२०७९।२।२० | कक्षा ८ को परिक्षा अनुगमन | ७ जना | ९६०५७ |
| २११।२०७९।३।२१ | कृषि कार्यक्रम | ९ जना | १६५७५ |
| २४६।२०७९।३।२५ | शैक्षिक सुपरीवेक्षण | ९ जना | ८४१५० |
| नपा शिक्षा ९३।२०७९।३।१२ | SEE अनुगमन | ६ जना | ४०८०० |
| उद्योग विकास १९।२०७९।३।१२ | सहकारी अनुगमन | ११ जना | ५८६५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४४ | | | **डोजर, लोडर, एक्साभेटर मर्मत :**<br>पालिकामा रहेको डोजर, लोडर र एक्साभेटरको मर्मत तथा ईन्धनमा यो वर्ष कार्यालयले रु.१४ लाख २६ हजार खर्च गरेकोमा उक्त डोजर, लोडर र एक्साभेटर भाडामा लगाएबापत कार्यालयले रु.६१३८०३।०० मात्र आम्दानी गरेको छ भने पालिकाद्वारा संचालित योजनामा समेत यसको प्रयोग भएको पाईएन । कार्यालयले उपलब्ध मेशिनरीको अधिकतम प्रयोग गर्ने एवम् सरकारी रकम लगानीको उचित प्रतिफल प्राप्त हुने गरि प्रयोग गर्न जरुरी छ । | |

| सि.नं | मेशिनरी | संख्या | मर्मत तथा ईन्धन रकम | आम्दानी रकम |
|---|---|---|---|---|
| १ | दमकल | १ | ० | ० |
| २ | टिप्पर | १ | १५७००० | ० |
| ३ | एक्साभेटर | १ | २५०००० | ४५०००० |
| ४ | एम्बुलेन्स | २ | ४१५००० | १६३८०३ |
| ५ | पिक अप जिव | १ | ६०४००० | ० |
| | जम्मा | ६ | १४२६००० | ६१३८०३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४५ | | | **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च –**<br>पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु. १८१५८४ भुक्तानी दिएको पाईयो । | |

| सि.नं. | भुक्तानी पाउने संस्थाको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १ | एकता कृषि तथा पशुपक्षी सहकारी | तालिम सञ्चालन | ४०००० |
| २ | पञ्चेबाजा खरिद उ स | पञ्चेबाजा खरिद | ५०००० |
| ३ | पञ्चेबाजा संरक्षण समीति | भाडाकुडा खरिद | ४१५८४ |
| ४ | भेरिगगां युवा क्लब | खेलकुद कार्यक्रम | ५०००० |
| | **जम्मा** | | |

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४६ | | | **ठेक्का व्यबस्थापनः**<br>सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली, २०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ । नगरपालिकाबाट संचालित योजनाको खरिद कार्य देहाय बमोजिम भएको देखिन्छः(रु.हजारमा) | |

| कुल निर्माण खर्च | सोझै खरिद | | सिलबन्दी दरभाउपत्र | | बोलपत्र | | तेश्रो चौमासिकमा व्यवस्था भएको | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| १२४८०८ | ० | ० | २ | १५५० | ६ | १२३२५८ | ० | ० |


https://nams.oag.gov.np

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४७</td><td></td><td></td><td>विल भरपाई वेगर भुक्तानीः<br>आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय अनुसारको भुक्तानीमा संलग्न फाँटवारीमा विल भरपाई पेश वेगर भुक्तानी दिएकाले प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गरी आन्तरिक कोषमा दाखिला गर्नुपर्ने रु.<br>
<table>
<tr><th>गो.भौ.नं र मिति</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>११५४। २०७९।३। २५</td><td>सुचना प्रसारण खर्च वापत सौगात सञ्चार प्रा लिलाई विना विल भरपाई भुक्तानी भएकोमा प्रमाण पेश गर्नुपर्ने अन्थया असुल गर्नुपर्ने रु.</td><td>३९० ००</td></tr>
<tr><td>११०८। २०७९।३। २२</td><td>वडामा कृषि कार्यक्रम लगायत अन्य कार्यक्रम संचालन खर्च वापत सावित्री शर्मालाई भुक्तानी रु.२६०४२७।०० दिएकोमा रु.२३३३५।०० को मात्र विलभरपाई पेश भएको बाकी प्रमाण पेश गर्नुपर्ने अन्थया असुल गर्नुपर्ने रु.</td><td>२३७ ०९२</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२७६ ०९२</td></tr>
</table></td><td>२७६,०९२</td></tr>
<tr><td>४८</td><td></td><td></td><td>पारिश्रमिक कर छूटः<br>आयकर ऐन, २०५८ को दफा ८७ अनुसार रोजगार दाताबाट अनुसूची १ बमोजिम कर कट्टा गर्नु पर्ने व्यवस्था छ । यस पालिकामा कार्यरत कर्मचारीहरुको बार्षिक आयमा लाग्ने कर नियमानुसार कट्टी गर्न छुट देखिएकोले सम्बन्धितबाट असुल गर्नुपर्ने रु.<br>
<table>
<tr><th>कर्मचारीको नाम</th><th>खुद बार्षिक आय</th><th>कर छुट</th><th>कर योग्य आय</th><th>कट्टी गरेको</th><th>छुट पारिश्रमिक कर</th></tr>
<tr><td>जगतबहादुर बस्नेत</td><td>६६१८९२</td><td>४५००००</td><td>२११८९२</td><td>०।००</td><td>३३५६७</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>३३५६७</td></tr>
</table></td><td>३३,५६७</td></tr>
<tr><td>४९</td><td></td><td></td><td>करार कर्मचारीलाई भत्ताः<br>सामान्य प्रशासन मन्त्रालयको मिति २०७४।१।२५ को पत्रबाट २०७४।७५ बाट लागु हुने गरी करार कर्मचारीको सेवा सुविधाको बारेमा गरेको परिपत्रमा उल्लेखित सेवा सुविधा बाहेक अन्य सुविधा दिन नपाउने व्यवस्था उल्लेख छ । पालिकाले विभिन्न शिर्षकबाट तलव भत्ता खाने गरी देहायका पदमा करार कर्मचारी भर्ना गरि भत्ता भुक्तानी</td><td>५०१,३००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | भएको देखिन्छ । यसरी नियम विपरित भत्ता भुक्तानी दिएकोले नियमसंम्मत नदेखिएको रु. | |

| सि न | नाम | भत्ता शिर्षक | रकम (मासिक) | जम्मा(९ महिनाको) |
| --- | --- | --- | --- | --- |
| १ | अहेव श्री ईन्द्र कुमारी थापा | कर्मचारी प्रोत्साहन भत्ता | ४५०० | ४०५०० |
| २ | अनमी श्री हिमा राना | कर्मचारी प्रोत्साहन भत्ता | ७४०० | ६६६०० |
| ३ | अनमी श्री सिता विसी चौधरी | कर्मचारी प्रोत्साहन भत्ता | ७४०० | ६६६०० |
| ४ | अनमी श्री गोल्मा बस्नेत | कर्मचारी प्रोत्साहन भत्ता | ७४०० | ६६६०० |
| ५ | श्री दिपा गिरी | महंगी भत्ता | २००० | १८००० |
| ६ | सा प श्री अरुणा कुमारी बुढा | महंगी भत्ता फिल्ड भत्ता | ५००० | ४५००० |
| ७ | सरसफाईकर्मी श्री टोपेन्द्र तारम मगर | महंगी भत्ता फिल्ड भत्ता | ५००० | ४५००० |
| ८ | सरसफाईकर्मी श्री प्रिन्स सुनार | महंगी भत्ता फिल्ड भत्ता | ५००० | ४५००० |
| ९ | कास श्री डिल कुमारी राना | महंगी भत्ता | २००० | १८००० |
| १० | कास श्री देउसरा वि सी | महंगी भत्ता | २००० | १८००० |
| ११ | कास श्री सिमा चुनारा | महंगी भत्ता | २००० | १८००० |
| १२ | अहेव उषा शाही | महंगी भत्ता | २००० | १८००० |
| १३ | अनमी श्री विना शाही | महंगी भत्ता | २००० | १८००० |
| १४ | कास श्री मन्जु बुढा | महंगी भत्ता | २००० | १८००० |
| **जम्मा** | | | | **५०१३००** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५० | ५२२ | २०७८-१०-१६ | **विरुवा खरिदः**<br>पालिकाले विरुवा खरिद गर्दा सके सम्म सरकारी फर्मबाट खरिद गर्नुपर्ने र यदि सरकारी फर्ममा उपलब्ध हुन नसके जिल्ला कृषि विकास कार्यालयले तोकेको कृषि श्रोत केन्द्रबाट विउ विरुवा खरिद गरिनु पर्दछ । यसरी खरिद गरिएको विउ विरुवाको जर्मिनेशन परीक्षण गरेपछि मात्र कृषकलाई उपलब्ध गराउनु पर्दछ ।एक घर एक फलफुल विरुवा कार्यक्रम वापत रु.१५००००।०० भुक्तानि दिएको छ । पालिकाले पाल्ला फलफुल तथा तरकारी विरुवा उत्पादन नर्सरी बाट ड्रयागन फुडका विरुवा १००० थान रु१५०।०० मा कृषकहरुको लागि खरिद गरी ११ टोल विकास संस्थाका प्रतिनिधिलाई वितरण गरेको भरपाई पेश भएको छ । यसरी खरीद गरिएको ड्रयागन फुडका विरुवा विक्री गर्ने विक्रेता जिल्ला कृषि विकास कार्यालयबाट श्रोत केन्द्र तोकेको प्रमाण पेश नभएको र खरिद गरिएका विउ विरुवा उपयूक्त भए नभएको एकिन गर्न सकिने अवस्था देखिएन । यस सम्वन्धमा पालिकाको समेत ध्यान जानुपर्ने देखिन्छ । | |
| ५१ | १०८६ र १०७८ | २०७९-३-२० | **करकट्टीः**<br>आयकर ऐन,२०५८ को परिच्छेद १७ दफा ८८ (१) अनुसार परमर्शदातालाई रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले अग्रिम करकट्टी गर्नुपर्ने उल्लेख छ । पालिकाले नेपाल पिडित समुदाय संरक्षण केन्द्र, सँग सामाजिक समावेशीकरण सामाजिकन्याय र शासकीय व्यवस्था कार्यान्वयनका लागि जागरण कार्यक्रम सम्बन्धि योजना तथा क्रियाकलापहरु संचालानार्थ रु.७००,०००।०० मा संम्झौता गरेको छ । उक्त परामर्शदाता मुल्य अभिबृद्धि कर मा दर्ता समेत भएको देखिएन । सम्झौता अनुसार उक्त परामर्शदातालाई रु.७००,०००।०० भुक्तानी गर्दा १५ प्रतिशतले अग्रिम करकट्टी रु.१०५,०००।०० गर्नुपर्नेमा करछुट भएको हुदा उक्त परामर्शदाताबाट छुट कर असुल गरी संचित कोषमा दाखिला गर्नुपर्ने रु. | १०५,००० |
| ५२ | | | **कर्मचारी प्रोत्साहन भत्ता**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई यो बर्ष निम्नानुसार प्रोत्साहन भत्ता वापत रु.९ लाख ६७ हजार ८ सय ६८ खर्च गरेको कारण नियमको पालना गरेको पाईएन । तसर्थ उक्त खर्च रकम अनियमित देखिएको रु. | ९६७,८६८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५३ | | | **कर्मचारी थप प्रोत्साहन भत्ता**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई यो बर्ष निम्नानुसार दशौ नगरसभा तयारीमा खटिएका कर्मचारीहरुलाई प्रोत्साहन भत्ता वापत रु२३७५७०।०० खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएकोलेअनियमित देखिएको रु. | २३७,५७० |
| ५४ | | | **योजना छनौट र कार्यान्वयन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक नगर विकास योजना २०७८÷७९ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।<br>रु १ लाख सम्म: १३१; रु १ लाख देखि ५ लाखसम्म: ४९८; रु ५ लाखदेखि १० लाख सम्मका: ७१; रु १०लाख देखि ५० लाखसम्मका: २४; रु ५० लाखभन्दा बढीको: ६; जम्मा: ७३०<br>उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु.१ लाख देखि ९७ लाख सम्मका जम्मा ७३० वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र १३१ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ । | |

Nested table in row ५४:

| रु १ लाख सम्म | रु १ लाख देखि ५ लाखसम्म | रु ५ लाखदेखि १० लाख सम्मका | रु १०लाख देखि ५० लाखसम्मका | रु ५० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|
| १३१ | ४९८ | ७१ | २४ | ६ | ७३० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५५ | | | **औषधी खरिद –**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर रु.२१ लाख सशर्त बाट र रु.१० लाख समानिकरण बाट गरी रु.३१ लाखका औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः<br><br>• आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।<br>• औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको ।<br><br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको यकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५६ | | | **शिक्षक दरवन्दी र पदपूर्ति -**<br>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ५१ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । | |

| सि.नं. | विद्यालय | शिक्षक दरबन्दी | | | पदपूर्ति | | | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | राहत | स्वयंसेवक | स्थायी | राहत | स्वयंसेवक | |
| १ | प्रावि | १२८ | ४२ | ३० | ११४ | ४२ | २९ | ६३३८ |
| २ | निमावि | २१ | २४ | १९ | १९ | २४ | १९ | ३६६६ |
| ३ | मावि | ९ | ९ | १० | ८ | ९ | १० | २४४८ |
| ४ | उमावि | ४ | २ | ० | ४ | २ | ० | १३३२ |
| जम्मा | | १६२ | ७७ | ५९ | १४५ | ७७ | ५८ | १३७८४ |

दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५७ | | | **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता –**<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी नयाँ शैक्षिक सत्र सञ्चालनका लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.३ करोड १५ लाख ९३ हजार तलब भत्ता भुक्तानी गरेको पाईयो । जसमा सहयोगी कार्यकर्तालाई तलव तथा पोशाक भत्ता वापत ४४ लाख १० हजार खर्च लेखेको छ । यसरी नियम विपरित दिएको अनुदान नियमसम्मत नदेखिएको रु | ३१,५९३,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५८ | | | **राष्ट्रपति शैक्षिक सुधार भौतिक निर्माणः**<br>शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक पालिकाले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वियन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, पालिका अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु पालिकाले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वियनका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा मिति २०७९।१।५ च.नं. ६०१ को निर्देशनको बुँदा नं. २ अनुसार प्राप्त कार्यक्रम अनुरुप तोकिएको डिजाइन ड्रइङ तथा लागत अनुमान अनुसार २ कोठे तथा ४ कोठे भवन निर्माण गर्नुपर्ने व्यवस्था छ । उक्त कार्यक्रमका लागि देहायका विद्यालयलाई रु. ५४ लाख निकासा भएको छ । तर विद्यालय निर्माणसँग सम्बन्धित कागजात सम्बन्धित विद्यालयहरुले पालिकामा पेश गरेका छैनन् । तसर्थ निर्माणसँग सम्बन्धित कागजात तथा कार्य सम्पन्न भएको प्रतिवेदन पेश गर्नुपर्ने रु.<br><table><tr><td>भौ न र मिति</td><td>विद्यालयको नाम</td><td>कार्यक्रम</td><td>रकम</td></tr><tr><td>६२।२०७९।३।२४</td><td>सरस्वती मावि डुङ्गीखोला</td><td>४ कोठे भवन निर्माण</td><td>३६०००००</td></tr><tr><td>६२।२०७९।३।२४</td><td>जनज्योती मावि कालपानी</td><td>२ कोठे भवन निर्माण</td><td>१८०००००</td></tr></table> | ५,४००,००० |
| ५९ | | | **विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानः**<br>शिक्षा तथा मानव श्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वियन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं २.७.१३.१३ मा भएको व्यवस्था अनुसार पालिकाभित्रका विद्यालयबाट छनौट गरी माध्यमिक विद्यालयमा पुस्तकालय, ICT र विज्ञान प्रयोगशाला वापत रु ६५०००० अनुदान दिनुपर्ने व्यवस्था छ ।त्यस अनुदान रकमबाट कार्य सम्पन्न गरी कार्यसम्पन्न प्रतिवेदन सम्बन्धित स्थानीय तहलाई बुझाउनुपर्दछ। सो कार्य गरेको कार्यसम्पन्न प्रतिवेदन, विद्यालय व्यवस्थापन समितिको सिफारिस, कार्य प्रगति प्रतिवेदन, निर्मित संरचनाको फोटो, कर दाखिला भौचर र वडाको सिफारिस सहित प्रमाण पेश गर्नुपर्ने रु<br><table><tr><td>भौ न र मिति</td><td>विद्यालयको नाम</td><td>कार्यक्रम</td><td>रकम</td></tr><tr><td>२३।२०७९।२।२७</td><td>सामुदायिक मावि मोहटी</td><td>**ICT** निर्माण</td><td>६५००००</td></tr><tr><td>१६२।२०७९।३।७</td><td>सरस्वती मा वि डुङ्गिखोला</td><td>विज्ञान प्रयोगशाला</td><td>६५००००</td></tr></table> | १,३००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ६० | | | **नमूना विद्यालय अनुदानः**<br>कार्यक्रम कार्यान्वियन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं ११.१.२.४४५ मा भएको व्यवस्था अनुसार नमूना विद्यालयको सुधार गुरुयोजना अनुरुप भौतिक निर्माण वापत रु १ करोड ५० लाख सम्म अनुदान दिन सक्ने व्यवस्था रहेको छ भने उक्त विद्यलायले गुरुयोजनाले तोकेका क्षेत्रमा विद्यालय भौतिक निर्माण तथा शैक्षिक विकासका कामहरु खरिद दिग्दर्शन, सार्वजनिक खरिद ऐन, नियमावलीको परिधिभित्र रही गर्नु पर्ने उल्लेख छ ।यस पालिकाले नमुना विद्यालयको रुपमा रहेको जनज्योति मा वि झिङ्नीलाई २ किस्ता गरी रु १ करोड ४५ लाख निकासा दिएको छ ।उक्त निकाशा रकमको वार्षिक गुरुयोजना बमोजिम खर्च गरेको प्रमाण, कार्यसम्पन्न प्रतिवेदन, विद्यालय व्यवस्थापन समितिको सिफारिस, कार्य प्रगति प्रतिवेदन, प्रविधिक मूल्यांकन, निर्मित संरचनाको फोटो, खर्चका विलभर्पाई लगायतका प्रमाण कागजात पेश गर्नुपर्ने रु | १४,५००,००० |
| ६१ | | | **अनुदानको अनुगमन –**<br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले ५ कृषि तथा पशुसेवा सहकारी संस्था र समीतिलाई बीउपूँजी तथा अनुदानमा रु. ३२९२००० अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६२ | | | **भुक्तानीमा कर –**<br>आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने रु. २१३०००।०० अग्रिम कर कट्टी गरेको छैन । तसर्थ उक्त कर असुल हुनुपर्ने रु. | २१३,००० |

| गोभौनं./मिति | विवरण | भुक्तानी रकम | करको दर | कर रकम |
|---|---|---|---|---|
| ६२।२०७९।३।२४ | ने रा आ वि तल्लो थानीचौर ४ कोठे भवन निर्माण | ३६००००० | १.५% | ५४००० |
| ६२।२०७९।३।२४ | श्री चन्द्रोदय मावि काशिपूर ४ कोठे भवन निर्माण | ३६००००० | १.५% | ५४००० |
| ६२।२०७९।३।२४ | भवानी मावि चिउरीगैरा २ कोठे भवन निर्माण | १८००००० | १.५% | २७००० |
| २३।२०७९।२।२७ | ने रा आ वि काठेघारी ICT निर्माण | ६५०००० | १.५% | ९७५० |
| २३।२०७९।२।२७ | ने रा आ वि लोदे ICT निर्माण | ६५०००० | १.५% | ९७५० |
| २३।२०७९।२।२७ | जनज्योती मावि झिङ्नी ICT निर्माण | ६५०००० | १.५% | ९७५० |
| १६२।२०७९।३।७ | सामुदायिक मावि मोहटी पुस्तकालय निर्माण | ६५०००० | १.५% | ९७५० |
| १६२।२०७९।३।७ | लालिगुरास मावि रामघाट पुस्तकालय निर्माण | ६५०००० | १.५% | ९७५० |
| १६२।२०७९।३।७ | ने रा मा वि सानोजात्री विज्ञान प्रयोगशाला | ६५०००० | १.५% | ९७५० |
| १६२।२०७९।३।७ | भगवती मावि चिउरीगैरा ICT निर्माण | ६५०००० | १.५% | ९७५० |
| १६२।२०७९।३।७ | सुर्यज्योती आवि हर्रे ICT निर्माण | ६५०००० | १.५% | ९७५० |
| | **जम्मा** | | | २१३००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६३</td><td></td><td></td><td>रकम फिर्ता गर्नुपर्नेः<br>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ ।यस नगरपालिकामा संघीय सशर्त तर्फका कार्यक्रम अन्तर्गत पेश्की रकम फस्र्योट गर्दा खर्च नभई बाकी रहेको निम्नअनुसारको रकम सम्बन्धीत निकायमा फिर्ता नगरी पालिकाको खाता (०७२१००११४६०३७०२७) मा दाखिला भएकोले पालिकाले उक्त रकम सम्बन्धीत निकायमा फिर्ता गर्नुपर्ने रु<br>
<table>
<tr><th>सि न</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>पोषण कार्यक्रम वापत अर्जुन चपाईले रु ३ लाख पेश्की फस्र्योट गर्दा रु २८८००० खर्च भई बाकी रहेको रकम रु १२०००</td><td>१२०००</td></tr>
<tr><td>२</td><td>छिन्चु स्वास्थ्य चौकी ६०००० पेश्की फस्र्योट गर्दा रु ४८००० खर्च भई बाकी रहेको रकम रु १२०००</td><td>१२०००</td></tr>
<tr><td>३</td><td>मोहन शर्मा २ लाख पेश्की फस्र्योट गर्दा रु १८६१०५ खर्च भई बाकी रहेको रकम रु १३८९५</td><td>१३८९५</td></tr>
<tr><td>४</td><td>स्वास्थ्य चौकी छिन्चु आमा सुरक्षा कार्यक्रम वापत रु ६५८४०० पेश्की फस्र्योट गर्दा रु ६१९६०० खर्च भई बाकी रहेको रकम रु ३८८००</td><td>३८८००</td></tr>
<tr><td>५</td><td>रामाघाट स्वास्थ्य चौकी आमा सुरक्षा कार्यक्रम वापत रु ५५६००० पेश्की फस्र्योट गर्दा रु ५०७२०० खर्च भई बाकी रहेको रकम रु ४८८००</td><td>४८८००</td></tr>
</table></td><td>१२५,४९५</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६४ | | | **वढी भुक्तानीः**<br>कार्य सञ्चालन निर्देशिका २०७५ को ७.१.१५ मा सबै प्रकारका तालिम, गोष्ठि, सेमिनार, कार्याशाला सञ्चालन सम्बन्धी व्यवस्था छ ।जसअनुसार नगरपालिका स्तरिय सीप विकास तालिममा कक्षा सञ्चालन वापत रु १४०० का दरले भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले सामाजिक सुरक्षा, व्याक्तिगत घटना दर्ता, गुनासो सुनुवाई सम्बन्धी अभिमुखिकरण तथा तालिम कार्यक्रम वापत निम्न प्रशिक्षकहरुलाइ निर्देशिका विपरीत रकम भुक्तानी गरेकोले वढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु | ८,१६० |

| क्र. स. | नाम र पद | कक्षा | भुक्तानी दिनुपर्ने दर | भुक्तानी दिएको दर | बढि दर रु | बढी भूक्तानी रकम रु (करकट्टी सहित) |
|---|---|---|---|---|---|---|
| १ | अधिकृत छैठौं कल बहादुर खड्का | ४ | १४०० | २००० | ६०० | २०४० |
| २ | Mis operator पुस्कर आचार्य | ४ | १४०० | २००० | ६०० | २०४० |
| ३ | Mis operator लक्ष्मण वि क | ४ | १४०० | २००० | ६०० | २०४० |
| ४ | फिल्ड सहायक यमूना गिरी | ४ | १४०० | २००० | ६०० | २०४० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६५</td><td></td><td></td><td>लघु उद्यम विकास कार्यक्रमः<br>गरीवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रमका लागि सुनिता जैसिले पेश्की फर्स्योटमा निम्न कार्यक्रम गर्दा प्रशिक्षकहरुलाई पारिश्रमिक भुक्तानीमा पारिश्रमिक दर भुक्तानीको आधार प्रमाण नभएको र अर्थ मन्त्रालयद्धारा स्वीकृत दरभन्दा वढी भुक्तानी गरेको देखिएको छ । यस सम्बन्धमा निम्न व्यहोराहरु देखिएका छनः<br><br>क) ७ दिने गुडिया कुशन सम्बन्धी एडभान्स सिप विकास तालिमः यस तालिमको लागि सपना पुनलाई दैनिक रु २००० का दरले भुक्तानी गर्नेगरी ७ दिनको रु १४००० (करकट्टी सहित रु ११९००) भुक्तानी दिएको पाइयो । यसरी दैनिक रु २००० का दरले तलब भुक्तानी गर्दा मासिक रु ६०००० पर्न जान्छ । प्रशिक्षकले यसरी दैनिक पारिश्रमिक पाउनुको आधार प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु<br><br>ख) १५ दिने बुटिक सम्बन्धी एड्भान्स तालिमः यस तालिमको लागि मनसुवा कामीलाई दैनिक रु २००० का दरले भुक्तानी गर्नेगरी १५ दिनको रु ३०००० (करकट्टी सहित रु २५५००) भुक्तानी दिएको पाइयो । यसरी दैनिक रु २००० का दरले तलब भुक्तानी गर्दा मासिक रु ६०००० पर्न जान्छ । प्रशिक्षकले यसरी दैनिक पारिश्रमिक पाउनुको आधार प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु<br><br>ग) ७ दिने बासको मुढा तथा सजावट साम्रगी सम्बन्धी एड्भान्स सीप विकास तालिमः यस तालिमको लागि अमृत रिजाललाई दैनिक रु २००० का दरले भुक्तानी गर्नेगरी ७ दिनको रु १४००० (करकट्टी सहित रु ११९००) भुक्तानी दिएको पाइयो । यसरी दैनिक रु २००० का दरले तलब भुक्तानी गर्दा मासिक रु ६०००० पर्न जान्छ । प्रशिक्षकले यसरी दैनिक पारिश्रमिक पाउनुको आधार प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु</td><td>४९,३००</td></tr>
<tr><td>६६</td><td></td><td></td><td>वितरण भर्पाइ र जिन्सी दाखिला नभएकोः<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्दछ र उक्त खरिद गरेका साम्रगी जिन्सी दाखिला गरेर मात्र खर्च गर्नुपर्दछ । पालिकाले सशर्त पूँजीगतको ३३।२०७९।३।३१ मा उपप्रमुख स्वरोजगार कार्यक्रम वापत गगांदेवि ट्रेडर्सबाट खरिद गरेका निम्न सामानको जिन्सी दाखिला र वितरण भर्पाई पेश नगरेकोले प्रमाण पेश गर्नुपर्ने रु
<table>
<tr><th>क्र स</th><th>साम्रगीको विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>Industrial button Swing machine 2 set</td><td>१८०८६०</td></tr>
<tr><td>२</td><td>Industrial button attach swing machine 1 set</td><td>४११८०</td></tr>
<tr><td>३</td><td>Cloth cutting machine 1 set</td><td>२३१००</td></tr>
</table></td><td>२४५,१४०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६७ | | | **छोरी सुरक्षा कार्यक्रमः**<br>बैंक खाता छोरीको¸ सुरक्षा जीवन भरिको कार्यक्रम सञ्चालन कार्यविधि २०७६ को दफा ४ मा वि.स. २०७६ श्रावण १ गते वा सो भन्दा पछि जन्मीएका कर्णाली प्रदेश भित्रका छोरीलाई प्रदेश सरकारले निज छोरी २० वर्षको हुँदा सम्म जन्मेको पहिलो महिनाको रु १०००। र त्यसपछि मासिकरु ५००। का दरले बैंक खातामा रकम जम्मा गरिदिने व्यवस्था छ । त्यसै गरी कार्यक्रममा सहभागी छोरीले माध्यामिक तहसम्मको अध्ययन पुरा नगरेमा वा अध्ययन बिचैमा छोडेमा¸ २० वर्ष नपुग्दै विवाह गरेमा सो रकम उपलव्ध नगराउने समेत उल्लेख भएबाट गाउँपालिकाले रकम बैकखातामा जम्मा गर्नु अघि ती छोरीहरुको स्थिति¸ अवस्थाका बारेमा स्पष्ट हुनुजरुरी छ । प्रति छोरीको २० वर्षसम्म अभिलेख अद्यावधिक गर्नुपर्ने र प्रत्येक वर्ष जन्मेका थप छोरीको समेत अभिलेख अद्यावधिक गर्दै जानुपर्ने¸ अनुगमन संयन्त्र वनाउनु पर्नेमा पालिकामा ४३६ जना छोरीको दर्ता किताब मात्र तयार गरी बैंकमा रकम रु ३०००५०० पठाएको हुंदा वर्षहरुमा थप हुँदै जानेको संख्या समेत अभिलेख तयार गर्ने तर्फ ध्यानाकर्षण हुनुजरुरी देखिन्छ । | |
| ६८ | | | **उपप्रमुख स्वरोजगार कार्यक्रमः**<br>पालिकाबाट सञ्चालित उपप्रमुख स्वरोजगार कार्यक्रमको लागि न्यौपाने कृषि तथा पशुपालन फर्मबाट ९६ वटा ब्राखा र ४ वटा ७५ प्रतिशत वोयर जातका बोका खरिद गरी रु ९९८८८० खर्च लेखेको छ । उक्त ब्राखाहरु तथा बोकाहरुको स्वास्थ्य परिक्षण भएको निरोगिताको प्रमाणपत्र, प्रजनन योग्य भएको प्रमाणपत्र, पशुविमा गरेको कागजात समेत उपलब्ध नभएकोले प्रमाण पेश गर्नुपर्ने रु | ९९८,८८० |
| ६९ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम –**<br>प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेको छ । स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ ।यस पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको पाइएन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष १५३ जनालाई रोजगारी उपलव्ध गराई रु.४५ लाख ७३ हजार खर्च गरेको छ । लक्षित वर्गलाई औषतमा ५२ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७० | | | **सोझै खरिद –**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु. ५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सीमा भन्दा बढी रकमको सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष सशर्त पूँजीगतको विभिन्न भौचर र मितिबाट घेराबार तारजाली, आइरन पाइप र विजुली तार वल्व लगायत साम्रगी खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइ हिरा ट्रेडर्स एण्ड जनरल अर्डर सप्लायर्स बाट रु. २०५३१८२ को टुक्रा पारी सोझै खरिद गरेको देखियो । | |
| ७१ | | | **सिस्टम वाहिरको खर्चः**<br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । पालिकाले मैनतडा हेल्थपोष्ट भवन निर्माण वापत रकम रु.६३४७१२३।०० भुक्तानी गर्दा सुत्र (SuTRA) भन्दा वाहिर बजेट खर्च लेखेको पाइयो । यस सम्बन्धमा निम्न अनुसारका व्यहोराहरु रहेका छनः<br><br>**क)** २०७८।७।१६ मा न्यू विशाल कन्स्ट्रकस्न लाई प्रथम रनिङ्ग विल रु १९२५९९०।०८ भुक्तानी गर्दा गो भौ शुत्रमा नउठाई रकम भुक्तानी गरेको छ । उक्त भौचरमा नियमाअनुसार कट्टी गर्नुपर्ने अग्रिम कर रु.२५५६६।००, मु अ कर रकम रु.२२१५७४।०० र धरौटी रु.८५२२१।०० कट्टी गरेको पाइएन भने कर विजक पनि पेश भएको छैन ।तसर्थ उक्त रकम सम्बन्धित शिर्षकमा जम्मा गरेको प्रमाण पेश गर्नुपर्ने रु.<br><br>**ख)** २०७९।१।२१ मा दोश्रो रनिङ्ग विल रु.४४२११३२।९१ भुक्तानी गर्दा गो भौ शुत्रमा नउठाई रकम भुक्तानी गरेको छ । उक्त भौचरमा नियमअनुसार कट्टी गर्नुपर्ने दोश्रो रनिङ्ग विल सम्मको निर्माण व्यावसायी कोष रु.५६१७।००, मु अ कर रकम रु.५०८६२६।०० र धरौटी रु.१९५६२५ कट्टी गरेको पाइएन ।तसर्थ उक्त रकम सम्बन्धित शिर्षकमा जम्मा गरेको प्रमाण पेश गर्नुपर्ने रु. | १,०४२,२२९ |
| ७२ | | | **कार्यसम्पादन जमानत को म्याद थप बारेः**<br>सार्वजनीक खरिद नियमावलि २०६४ को नियम ११० (४) अनुसार कार्यसम्पादन जमानतको मान्य अवधी त्यस्तो सम्झौतामा उल्लेखित मालसामान आपुर्ति वा हस्तान्तरण गर्नुपर्ने अवधी वा प्रत्याभुति (वारेन्ट) को अवधी वा निर्माण कार्यको त्रुटी सच्याउने दायित्वको अवधी भन्दा कम्तिमा १ महिना बढी अवधीको हुनुपर्ने उल्लेख छ । बिजय मार्ग सडक कालोपत्रे कार्यको कार्यसम्पन्न गर्ने मिति २०७८।१०।१० सम्म रहेकोले कार्य सम्पादन जमानत को म्याद मिति २०७९।११।९ सम्मको हुनुपर्ने देखिन्छ । तर उक्त कार्यका निर्माण व्यबसायी छल निर्माण सेवाले पेश गरेको रु ४३७००० को कार्य सम्पादन जमानत को म्याद मिति २०७९।३।३० सम्मको मात्र रहेकोले घटी अवधीको जमानत पेश गरेको देखिन्छ । तसर्थ नियमानुसार हुने मिति २०७९।११।९ सम्मको कार्यसम्पादन जमानत पेश गर्नुपर्ने रु | ४३७,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७३</td><td></td><td></td><td>अधुरो निर्माण कार्यः<br>आधारभूत शहरी स्वास्थ्य भवन निर्माण वडा नं १ को निर्माण कार्यका लागि प्रकाश निर्माण सेवा मैनडाँडा ९ सुर्खेत सँग मिति २०७७।२।२९ मा रु २६७५६२३।३१ (मुअकर समेत) को सम्झौता भएको देखिन्छ । सम्झौता अनुसार उक्त कार्य मिति २०७८।२।३० मा सम्पन्न गर्नुपर्नेमा पछि म्याद थप भै कार्य सम्पन्न गर्नुपर्नेमा मिति २०७९ आषाढ सम्म रहेको छ । हाल पुनः म्याद थपका लागि प्रक्रियामा रहेको भनेकोमा लेखापरीक्षणको अवधि मिति २०७९ कार्तिक मसान्त सम्म म्याद थपिएको पाइएन । यस आ.व. मा उक्त कार्यका लागि रु १७७२८५५ भुक्तानी भएको देखिन्छ भने आ व २०७९।८० मा सो कार्यका लागि रकम निकाशा नभएकोले काम हुन नसकेको पालिकाको भनाई रहेको छ ।तसर्थ रकम निकाशाका लागि पहल गर्नुपर्ने अन्यथा पालिकाकै रकम बाट उक्त निर्माण कार्य सम्पन्न गर्नुपर्ने देखिएको छ ।</td><td></td></tr>
<tr><td>७४</td><td></td><td></td><td>नन्फाइलर –<br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु.१३९७९२२।०० समेत रु.१२१३१४९७।०० भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु.<br>
<table>
<tr><th>गोभौनं./मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>प्यान नं.</th><th>भुक्तानी रकम</th><th>मुअकर कर रकम</th><th>नन्फाइलर रहेको मिति</th></tr>
<tr><td>३११।२०७९।१।६</td><td>नेपाल मेघा । लामा प्रगति सुवास जे भी</td><td>६१६८१२४७५</td><td>३९१९३०८</td><td>४५०८९४</td><td>२०७८</td></tr>
<tr><td>४८८।२०७९।२।१९</td><td>नेपाल मेघा । लामा प्रगति सुवास जे भी</td><td>६१६८१२४७५</td><td>१२१७५३८</td><td>१४००७१</td><td>२०७८</td></tr>
<tr><td>५७।२०७८।११।८</td><td>सावित्री शिव निर्माण सेवा</td><td></td><td>१००००००</td><td>११७३०८</td><td>२०७८</td></tr>
<tr><td>६०।२०७८।११।९</td><td>सावित्री शिव निर्माण सेवा</td><td></td><td>९९९९९</td><td>११५०४</td><td>२०७८</td></tr>
<tr><td>६५।२०७८।११।११</td><td>सावित्री शिव निर्माण सेवा</td><td></td><td>१९६४३००</td><td>२२५९८१</td><td>२०७८</td></tr>
<tr><td>३१७।२०७९।१।६</td><td>शिला कन्स्ट्रक्सन एण्ड सप्लायर्स</td><td></td><td>१५०३०१३</td><td>१७२९१३</td><td>२०७८</td></tr>
<tr><td>३।२०७८।६।२२</td><td>साहारा निर्माण सेवा</td><td>६०४१६९०४०</td><td>२४२७३३९</td><td>२७९२५१</td><td>२०७८</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>१२१३१४९७</td><td>१३९७९२२</td><td></td></tr>
</table></td><td>१,३९७,९२२</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७५ | | | **भुक्तानीमा कर –** | ३२,२२१ |

आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने रु.३२२२१।०० अग्रिम कर कट्टी गरेको छैन । तसर्थ उक्त कर असुल हुनुपर्ने रु.

| गोभौनं./मिति | विवरण | भुक्तानी रकम | करको दर | कर रकम |
|---|---|---|---|---|
| ३।२०७८।६।२२ | ई प्र का देखि छिन्चुखोलासम्म सडक निर्माण | सहारा निर्माण सेवा | १.५% | ३२२२१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७६ | | | **जटिलसंरचना निर्माण –** | |

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ७२८।२०७९।३।२३ | बबई डाङ डुङ्गे खोला कल्भर्ट निर्माण उ स | कल्भर्ट निर्माण | ८५९५२५ |
| ७११।२०७९।३।२२ | नगरस्तरीय रंगशाला निर्माण मैनतडा उ स | रगंशाला निर्माण | ८२८७५३ |
| ६८०।२०७९।३।२० | बबई गेरुवानी खोला कल्भर्ड निर्माण उ स | कल्भर्ट निर्माण | ८१२७८२ |

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७७ | | | **सव कन्ट्याक्टरबाट काम गराएको :** | |

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्याक्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ । उपभोक्ता समितिले सडकको काम आफै गर्ने गरी सम्झौता गरेकोमा निर्माण व्यावसायीबाट काम गराएको देखियो ।उपर्युक्त व्यहोरामा कार्यालयले हेभी मेशिन प्रयोग गर्ने स्वीकृती दिएको छ तर हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतीको कार्यमा मात्र मेशिन प्रयोगको स्वीकृती दिन सक्नेमा सबै उपभोक्तालाइ मेशीन प्रयोग गर्ने स्वीकृती दिनु नियमसम्मत होइन ।जसका केही उदाहरणहरु निम्नअनुसार रहेका छनः

| गो.भौ नं/मिति | उपभोक्ताको नाम | भुक्तानी रकम | निर्माण व्यवसायीको नाम | भुक्तानी रकम |
|---|---|---|---|---|

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ७३६।२०७९।३।२३ | काठ्घारी डुमकोट सडक ग्रावेल उ स | ४७७६१८ | शिशिर कन्स्ट्रक्सन | ३५०००० | | |
| | | | | ७३८।२०७९।३।२३ | हातिसुढे सडक ग्रेड कटिङ्ग नाला निर्माण उ स | ७६८००० | हाम्रो निर्माण सेवा | ३०००६० | | |
| | | | | ६८६।२०७९।३।२० | तल्लो भर्याङ्ग प्रावि सडक जोड्ने सडक निर्माण उ स | २६०७७७ | भूगोल कन्स्ट्रक्सन | २६०७७७ | | |
| | | | | ६७५।२०७९।३।२० | झ्याले ढुङ्गा ताउले सडक स्तरोन्नती उ स | ४६२३६३ | भेनिस निर्माण सेवा | ४५५०१० | | |
| | | | | ६७१।२०७९।३।२० | भर्याङ्ग मनिराम काडा सडक निर्माण उ स | ६३६२२७ | भूगोल कन्स्ट्रक्सन | ६३६२२७ | | |
| | | | | ६५७।२०७९।३।१७ | ऐसलु गैरा धनुवास सडक निर्माण उ स | २१२३५८ | भूगोल कन्स्ट्रक्सन | २१२३५८ | | |
| | | | | ६३८।२०७९।३।१४ | देउतिखोला चौखे ग्रावेल उ स | २८७८३७ | शिशिर कन्स्ट्रक्सन | २८७८३७ | | |
| | | | | ६३३।२०७९।३।१४ | प्रस्ताविक रोड सफाई उ स | ६११९७३ | शुभ कृति कन्स्ट्रक्सन | ६११९७३ | | |
| | | | | ६१९।२०७९।३।१३ | नाराखोला देखि मंगले आर्यघाट सडक निर्माण उ स | ३३५३८५ | दी दर्शन कन्स्ट्रक्सन | ३३५३८५ | | |
| | | | | ५९९।२०७९।३।९ | सिस्नेकोटी ढल निकास उ स | ३८४००० | शिशिर कन्स्ट्रक्सन | ३८४००० | | |
| | | | | ५९२।२०७९।३।८ | दरभालीटवल सडक ग्रावेल उ स | ३७५०४९ | शिशिर कन्स्ट्रक्सन | ३७५०४९ | | |
| | | | | ५८६।२०७९।३।८ | डुङ्गीखोला सडक ग्राभेल उ स | ९३६८७३ | भेनिस निर्माण सेवा | ९३६८७३ | | |
| | | | | ५८५।२०७९।३।८ | वडा कार्यालय देखि देखउतीखोला ग्राभेल उ स | ४७९५२८ | शिशिर कन्स्ट्रक्सन | ४७९५२८ | | |
| | | | | ५३७।२०७९।२।३१ | कृष्णवहादुर वलिको घरदेखि ज्यामिरे स्कूल सम्म वाटो ग्राभेल उ स | ४४१६०० | दी दर्शन कन्स्ट्रक्सन | ४४१६०० | | |
| | | | | ५२५।२०७९।२।२६ | अम्लीसेनी भित्रीखोला सडक निर्माण उ स | ५७३८९१ | भूगोल कन्स्ट्रक्सन | ५७३८९१ | | |
| | | | | ५२४।२०७९।२।२६ | आपसोती कुटमिरे धानखोरिया लेखपराजुल सडक उ स | १४३७६८९ | भूगोल कन्स्ट्रक्सन | १४३७६८९ | | |
| | | | | ४७९।२०७९।२।१८ | सिसेनी खोला ढुङ्गी खोला सडक ग्रावेल उ स | ८६२२३९ | भेनिस निर्माण सेवा | ८६२२३९ | | |
| | | | नियमावलीमा भएको व्यवस्था विपरित काम गराउने उपभोक्ता समिति, जाँचपास गर्ने प्राविधिक तथा सिफारिस कर्ता एवं अनुगमन कर्तालाई यस सम्बन्धमा जिम्मेवार वनाउनु पर्दछ । | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७८ | | | **रामजानकी हरित पार्क निर्माणः**<br>यस पार्क निर्माणका लागि सघंबाट रु २५ लाख बजेट बिनियोजन भएकोमा रु २८२५९०६।७५ को लागत अनुमान तयार भई उपभोक्ता समीतिबाट कार्य गर्नेगरी मिति २०७८।२।२ मा सम्झौता भएको देखिन्छ । सम्झौता अनुसार उक्त कार्य मिति २०७८।३।१८ मा पेश भएको रनिङ्ग विलको रकम रु २०६२८३९।९७ भएकोमा पालिकाले सो कामका लागि रु १७५३४१४ भुक्तानी दिनुपर्ने देखिएकोमा सघंबाट बजेट निकासा नभएका कारण पालिकाकै बजेटबाट यो आव मा खर्च लेखेको पाइयो । यो आव को गो भौ नं ८।२०७८।९।१२ बाट रु ११ लाख र १३१।२०७८।१२।१ बाट रु ८६२८३५ समेत रु १९६२८३५ भुक्तानी भएकोले रु २०९४२१ बढी भुक्तानी भएको देखिन्छ । हालसम्म कार्य सम्पन्न प्रतिवेदन पेश नभएकोले शुरुमा पेश भएको रनिङ्ग विलको रकममा बढी भुक्तानी दिन मिल्ने देखिदैन । तसर्थ नियमानुसार भुक्तानी गर्नुपर्ने भन्दा बढी भुक्तानी भएको रकम सम्बन्धीत उपभोक्ता समीतिबाट असुल गर्नुपर्ने रु | २०९,४२१ |
| ७९ | | | **प्राविधिक बिल र कार्य सम्पन्नः**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ८० | | | **अधुरा आयोजना –**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष रु.१० करोड ९५ लाख का छिन्वु बसपार्क निमार्ण योजनाको कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व बिगत वर्षहरुको समेत सार्दै आएको छ । यसरी कानून विपरीत सम्झौता गरी बर्षौसम्म पनि सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन । | |
| ८१ | | | **सार्वजनिक परीक्षण -**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारर्दशिताको प्रर्वद्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८२ | | | **कन्टिन्जेन्सी खर्चको अभिलेख :**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वियन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७८/७९ मा कन्टीन्जेन्सी बापत रु. १४ लाख ५० हजार कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । | |
| ८३ | | | **कार्य सम्पन्न प्रतिवेदन -**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक, मूल्यांकन, बिल, भर्पाइ र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था रहेको छ। पालिका अन्तर्गत उपभोक्ता समीतिबाट गर्ने भनिएका कतिपय कार्यहरुको लागत अनुमान तयार गरी कार्य गर्ने सम्झौता भएकोमा नियममा उल्लेख भए अनुसार प्राविधिक मूल्यांकन सहितको कार्यसम्पन्न प्रतिवेदन तयार नगरेको, खर्चका विलभर्पाइहरु समुदायको बैठकबाट अनुमोदन गरेको पाइएन । कार्यालयले व्यहोर्ने रकमको साम्रागी खरिद गरेको विलका आधारमा रकम खर्च लेखेको पाइयो । तसर्थ नियममा भएको व्यवस्थाको पालना गर्दे कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८४ | | | **डीपीआर खर्च –**<br>बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ ।यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वियनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । | |

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| १५ शैयाको अस्पतालको आई ई ई | एन टिडि ईन्जीनियरिङ्ग एण्ड कन्स्ट्रक्सन कम्पनी | ५००००० | ४९७७५० | |
| बहुउदेश्यिय कृषि भवनको डि पी आर | बिरुवा ईन्जीनियरिङ्ग कन्सल्टेन्सी प्रा लि | १५००००० | १३९२१६० | १५१७५८५६३ |
| **जम्मा** | | **२००००००** | **१८८९९१०** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८५ | | | **योजना परिर्वतन :**<br>कार्यालयले उपलव्ध गराएको विवरण अनुसार नगरसभाबाट पारित भएका योजना मध्ये १३५ वटा योजना परिर्वतन गरी १६७ गोटा योजना सञ्चालन गरेको देखियो । योजना परिर्वतन गर्नुपर्नाको कारण उल्लेख छैन । पुँजीगत निर्माणको कामबाट स्वास्थ्य चौकिलाई औषधी खरिद एवं कुनै समुदायमा भोज भतेरको लागि भाडा खरिदगरेको समेत देखियो । यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८६ | | | **परामर्श सेवा –**<br>सार्वजनिक खरिद नियमावली, २०६४ नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले परामर्श सेवाको खरिद गर्दा प्रतिस्पर्धा नगराई सोझै खरिद गरी रु.१८ लाख ८९ हजार खर्च लेखेको पाइयो । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन । | |
| ८७ | | | **विवरण पठाउनु पर्ने :**<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७७ अनुसूची ८ को शर्त ६ अनुसार गाउँपालिका र नगरपालिका बाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले १५ दिनभित्र जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण सहितको (Reverse Feed) विवरण पेश गर्नुपर्ने ब्यवस्था रहेकोमा पालिकामा उक्त शर्तअनुसार वैकवाट चौमासिक रुपमा निकाशा भएको रकम मध्ये असार मसान्तसम्ममा खर्च नभई बाकी रकम बैकले सम्बन्धीत निकायमा फिर्ता गरेको छैन ।यस सम्बन्धमा एन सि सि बैंक जहरे शाखालाई ३ वटा चौमासिकमा रु ३८५०८७५७ र सिभिल बैक छिन्चु शाखालाई ३ वटा चौमासिकमा रु ३६९३५१५६ निकाशा दिएकोमा उक्त बैकहरुले सामाजिक सुरक्षा वितरण पश्चात फिर्ता गर्न बाँकी रकम रु. १०४४६३६ सम्बन्धीत निकायमा फिर्ता गरेका छैनन । यस सम्बन्धमा पञ्जिकरण शाखा प्रमुखले के कति रकम वितरण हुने हो र फिर्ता गर्नुपर्ने हो उक्त रकम यकिन गरी सम्बन्धीत निकायमा फिर्ता गर्नुपर्दछ । | |
| ८८ | | | **सामाजिक सुरक्षा कार्यक्रमः**<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकाले लाभग्राहीको बैकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता रु १५१६६३५९६ वितरण गरेको देखियो । मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाच उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गर्नुपर्दछ ।सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७७ को १३ मा नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायम हुन आएको लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फागुन मसान्तभित्र विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली (एम.आई.एसं) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्नेछ ।पालिकाले सो अनुसारको विवरण अ्ध्यावधिक नगरेकोले विवरण अध्यावधिक गरी व्यवस्थापन सूचना प्रणालीलाई व्यवस्थित गर्नुपर्ने देखिन्छ। | |
| ८९ | | | अनुगमन तथा सम्परीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फर्स्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फर्स्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | रहेको छ । | |

| गत वर्षसम्मको बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) |
|---|---|---|
| २४९७६७ | २८५६५ | २२१२०२ |

यस वर्ष फस्यौंट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।

| सि.नं | आ.व. | वेरुजु दफा नं. | वेरुजुको संक्षिप्त व्यहोरा | फछ्यौंटको आधार | | | | सम्परीक्षण |
|---|---|---|---|---|---|---|---|---|
| | | | | असुली | प्रमाण | नियमित | पेश्की | |
| १ | २०७७।०७८ | १२ | विद्यालयलाई छात्र वृति वितरण | १२२७०० | २६४३९०० | ० | ० | २७६६६०० |
| २ | २०७७।०७८ | ८ | विद्यालयको सियूजि सिकाई सहजिकरण | २६१७५८८ | ३४६८६६८७ | ० | ० | ६०८६२७५ |
| ३ | २०७६।०७७ | १०१को क्रस ९ | दुर्ग बहादुर चौधरीको पे फ | ० | ० | ० | १०७००० | १०७००० |
| ४ | २०७६।०७७ | १०१ को १५ १६ १७ | दुर्गा बहादुर चौधरी, क्षितिज राना, लाल बहादुर खड्काको पे फ | २२६३० | ० | ० | ३०१३७० | ३२४००० |
| ५ | २०७६।०७७ | १०२ | ई विजय खत्री र श्रीप्रसाद जैशीको पे फ | १०७००० | २०७००० | ० | ० | ३१४००० |
| ६ | २०७६।०७७ | ९० | छुट भ्रमण प्रतिवेदन पेश कुल बहादुर खड्का र रत्ना उपाध्याय,हेमा गुरुङ्ग र रत्ना उपाध्याय | ० | ६६१४० | ० | ० | ६६१४० |
| ७ | २०७६। | ८९ | पेश हुन बाँकी प्रमाण | ० | १२६००० | ० | ० | १२६००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०७७ | | पेश भएको एकराज खत्री बैठक भत्ता भुक्तानी | | | | | | | |
| | | | | ८ | २०७६। ०७७ | ८२ | पेश हुन बाँकी प्रमाण पेश भएको आंगन मिडिया प्रा लि२४८३७४, फ्यूचर हव ६८३४२ र फ्यूचर हव ३८३१५५ | ० | ६९९८७१ | ० | ० | ६९९८७१ | | |
| | | | | ९ | २०७६। ०७७ | ५८ | पेश हुन बाँकी प्रमाण पेश भएको (नेरा आवि तोली खोला,नेरा आवि चिउरीगैरा र नेरा आवि घारीवन) को ५०००० दरले र शारदा मावि छिन्चुको ६५०००० | ० | ८००००० | ० | ० | ८००००० | | |
| | | | | १० | २०७६। ०७७ | ५५ | पेश हुन बाँकी प्रमाण पेश भएको (जनज्योति मावि झिग्नी, शिखर मावि रामघाट र प्रभात मावि थानिचौर) को ३००००० को दरले र नेरा मावि लोदे १५०००० | ० | १०५०००० | ० | ० | १०५०००० | | |
| | | | | ११ | २०७७। ०७८ | ३७ | कानुन व्यवस्था नभएको भनेकोमा भेरीगंगा नगरपालिका कर्मचारी कल्याण | ० | ५१७००० | ० | ० | ५१७००० | | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | कोष विनियमाली ०७४ पेश | | | | | | | |
| | | | | १२ | २०७७।०७८ | १० | पेश हुन बाँकी प्रमाण पेश भएको भवानी छापाखाना | ० | ३९७७६० | ० | ० | ३९७७६० | | |
| | | | | १३ | २०७७।०७८ | ४१ | पेश हुन बाँकी प्रमाण पेश भएको क्वारेन्टाईनका विरामीको प्रमाण | ० | ११०००० | ० | ० | ११०००० | | |
| | | | | १४ | २०७७।०७८ | ४२ | पेश हुन बाँकी प्रमाण पेश भएको गाडिचढ्ने व्यक्ति | ० | १०३५०० | ० | ० | १०३५०० | | |
| | | | | १५ | २०७७।०७८ | ९ | पेश हुन बाँकी प्रमाण पेश भएको ५१ विद्यालयको दिवाखाजाको प्रमाण | ० | ७६१३१४५ | ० | ० | ७६१३१४५ | | |
| | | | | १६ | २०७७।०७८ | ११ | पेश हुन बाँकी प्रमाण पेश भएको पाठ्यपुस्तक खरिद तथा वितरण ५१ विद्यालयको | १४६८६ | ६४८२५८५ | ० | ० | ६४९७२७१ | | |
| | | | | १७ | २०७७।०७८ | ७ | छुट राजश्व असुल दाखिला नन्द बहादुर बुढा ६६१७ र राजबहादुर रोकाया २०० | ६८१७ | ० | ० | ० | ६८१७ | | |
| | | | | १८ | २०७६।०७७ | १०१ | पेश्की बाँकी फस्यौंट वडा नं१ देखि १३ | ० | ० | ० | १९३०५० | १९३०५० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | सम्मका वडा सचिवहरु | | | | | | | |
| | | | | १९ | २०७५।०७६ | ७० | पेश्की बाकी फस्यौंट हाईवांग झोलुंगेपुल ७२७७२९ र नविन कुमार केसी ५९२०० | ५९२०० | ० | ० | ७२७७२९ | ७८६९२९ | | |
| | | | | | | | **जम्मा** | **२९५०६२१** | **२४२८५५८८** | **०** | **१३२९१४९** | **२८५६५३५८** | | |

**अद्यावधिक बेरुजु -** यस पालिकाको २०७८।७९ सम्मको फस्यौंट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| २४९७६७ | २८५६५ | ९२३५५ | ० | ३१३५५७ |


https://nams.oag.gov.np